# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक २ गते २०५० साल (संख्या २७

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले संस्था दर्ता ऐन, २०३४ को दफा ४ को उपदफा (३) र (४) को प्रयोजनको लागि स्थानीय अधिकारीले गरेको निर्णय उपर उजूरी सुन्ने र आदेश दिने अधिकारीमा यस मन्त्रालयका सचिवलाई तोकेको छ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

### श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारले ट्रेड यूनियन ऐन, २०४९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन, २०५० साल कात्तिक २ गते-देखि प्रारम्भ हुने गरी तोकेको छ।

आज्ञाले,
डा. प्रभा बस्नेत
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (क) को उपखण्ड (अ) र खण्ड (ग) को उपखण्ड (अ) को प्रयोजनको लागि बढुवा समितिको अध्यक्षमा र सोही नियमावलीको नियम ८३ को उपनियम (१) बमोजिमको उजूरी सुन्ने अधिकारीमा देहायको अधिकारी तोकिएको छः–

| कार्यालय | बढुवा समितिको अध्यक्ष | उजूरी सुन्ने अधिकारी |
|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोगको राजपत्र अनंङ्कित पदका लागि । | सम्बन्धित आयोगको प्रशासन हेर्ने सह-सचिव वा सो सरहका राजपत्रांकित प्रथम श्रेणीको अधिकृत । | सम्बन्धित आयोगको सचिव । |
| मन्त्रिपरिषद् सचिवालय, संसद सचिवालय, राष्ट्रिय योजना आयोगको सचिवालय र मन्त्रालयहरूका राजपत्र अनंकित पदका लागि । | सम्बन्धित सचिवालय वा मन्त्रालयका प्रशासन हेर्ने सह-सचिव वा सो सरहका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत । | सम्बन्धित मन्त्रालय वा सचिवालयको सचिव । |
| विभागहरूमा राजपत्र अनंकित श्रेणीका पदका लागि | सम्बन्धित विभागीय प्रमुख । | सम्बन्धित मन्त्रालयका सचिव । |
| केन्द्रीयस्तरका कार्यालयहरूका राजपत्र अनंकित पदका लागि । | कार्यालय प्रमुख । | " " |
| जिल्लास्थित कार्यालयहरूका राजपत्र अनंकित प्रथम श्रेणीको पद र जिल्ला प्रशासन कार्यालयको राजपत्र अनंकित पदका लागि । | जिल्ला न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतको न्यायाधीश वा रजिष्ट्रार । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| जिल्लास्थित अन्य कार्यालयको राजपत्र अनंकित द्वितीय र तृतीय श्रेणीको पदको लागि । | प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित पुनरावेदन अदालतको रजिष्ट्रार । |

**द्रष्टव्यः–**

(१) साविकको निजामती सेवा नियमावली, २०२१ अनुसार गठित बढुवा समितिले गरेका सिफारिश उपर परेका वा पर्ने उजूरी साविकमा तोकिएको निकाय वा अधिकारीले नै निर्णय गर्नेछ ।

(२) साविकमा बढुवा सम्बन्धमा कारवाही भएको तर सिफारिश हुन बाँकी रहेका कुराहरू सम्बन्धमा यस नियमावली बमोजिमको बढुवा समितिले कारवाही गरी सिफारिश गर्नेछ ।

(३) जिल्लास्थित कार्यालय भन्नाले जिल्लास्थित क्षेत्रीय निर्देशनालय वा सो सरहको कार्यालय र अञ्चलस्तरीय कार्यालय समेत जनाउनेछ ।

(४) सम्बन्धित पुनरावेदन अदालत भन्नाले बढुवा समितिको बैठक बस्ने कार्यालय रहेको जिल्लासँग सम्बन्धित पुनरावेदन अदालत सम्झनु पर्नेछ ।

आज्ञाले,
आनन्दवल्लभ जोशी
लोक सेवा आयोगको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
255